**Interdisciplinary Research in Education**
**Volume 7, Issue 2, 2022: 1-10**
**DOI: https://doi.org/10.3126/ire.v7i2.50466**

# कक्षा ११ को 'नेपाली' पाठ्यपुस्तकका कथा विधामा प्रयुक्त नमुना अभ्यास

**दिनेश घिमिरे**
*dinesh.ghimire@tucded.edu.np*
उपप्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

## लेखसार

*प्रस्तुत लेखमा कक्षा ११ को 'नेपाली' (२०७७) पाठ्यपुस्तकका कथा पाठहरूमा प्रयुक्त नमुना अभ्यासका प्रश्नहरूलाई कथा शिक्षणको विधागत प्रयोजन र पाठ्यक्रमका उद्देश्यअनुरूप विश्लेषण गरी तिनको उपयुक्तता र पर्याप्तता पहिल्याइएको छ । यसमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन र वर्णनात्मक विधिबाट व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा कक्षा ११ को नेपाली पाठ्यपुस्तकको नमुना अभ्यास भाषिक सिप विकासमा केन्द्रित रहेको देखिन्छ । त्यस्तै यस पुस्तकमा भाषिक सिपहरूमध्ये सबैभन्दा बढी लेखाइ सिपमा, त्यसपछि क्रमशः पढाइ, बोलाइ र सुनाइमा जोड दिनु उक्त कक्षामा विधा शिक्षणका दृष्टिले उपयुक्त मान्न सकिन्छ । कथा पाठका नमुना अभ्यासमा प्रश्नगत पर्याप्तता र विविधता पाइन्छ । साथै उक्त कक्षाको नेपाली भाषा पाठ्यक्रमले अपेक्षा गरेअनुरूपका भाषिक सिपगत सक्षमता हासिल हुने खालका प्रश्नहरू रहेकाले यो सबल रहेको देखिन्छ । कथा विधा शिक्षण प्रयोजनका दृष्टिका साथै अभ्यासका प्रश्नहरूबाट निर्देशित सिकाइ क्रियाकलापलाई आधार मान्दा कथा पाठको नमुना अभ्यास, शब्दभण्डार र पठनबोध क्षमता विकासका दृष्टिले उत्तम, प्रश्नोत्तर, घटनाक्रम, समीक्षा, प्रतिक्रिया लेखन, सिर्जना र परियोजना कार्यसम्बद्ध क्षमता विकासका दृष्टिले मध्यम अनि बुँदाटिपोट र सारांश लेखन क्षमता विकासका दृष्टिले निम्न रहेको देखिन्छ । नमुना अभ्यासमा सुनाइ पाठ र त्यससम्बद्ध अभ्यासलाई छुट्टै शीर्षक दिई सुनाइ र बोलाइ सिपका अभ्यास गराउन खोज्नु यस पुस्तकको नवीन पक्षहो । तथापि सुनाइ र बोलाइका अभ्यासमा लेखाइसम्बद्ध प्रश्नहरू समेत रहेकाले तिनको सट्टा यस खण्डमा सुनाइ बोलाइको मात्र अभ्यास गराउँदा अझ प्रभावकारी हुने देखिन्छ ।*

**शब्दकुञ्जी :** *भाषिक सिप, नमुना अभ्यास, विधा शिक्षण, सिकाइ उपलब्धि, शिक्षण प्रयोजन*

## विषयपरिचय

कथालाई साहित्यको प्राचीन र आख्यानात्मक गद्य विधाका रूपमा लिइन्छ । यसमा विषयवस्तु, घटना, चरित्र आदिको प्रधानता रहन्छ । यसको शिक्षण कथाकथन, घटना वर्णन, गद्य सामग्रीको बोध जस्ता

पाठ्यवस्तुमा केन्द्रित रहन्छ । उक्त पाठ्यवस्तुहरू कथा शिक्षणका प्रयोजनहरूमा आधारित रहन्छन् । शर्मा र पौडेल (२०६७), पौडेल (२०७०) र लम्साल (२०७७) ले ध्यानपूर्वक सुनी अर्थ ग्रहण, सस्वर र मौन पठन, शुद्ध उच्चारण, घटनाक्रम मिलान, सिलसिलाबद्ध अभिव्यक्ति, भावबोध, सारांश लेखन, शब्दभण्डार क्षमता, उखान टुक्काहरूको अर्थ बोध, निर्देशित र स्वतन्त्र कथा रचना आदिलाई कथा शिक्षणका मुख्य प्रयोजन मानेका छन् । नमुना अभ्यासमा उक्त प्रयोजनसँग सम्बन्धित प्रश्नहरू समावेश गरेर शिक्षणका गर्दा मात्र कथा शिक्षणका विशिष्ट शिक्षण प्रयोजनहरू हासिल गराउन सहज हुने देखिन्छ । रस्तोगी र अन्य (सन् १९७०) को धारणाअनुसार नमुना अभ्यासमा पाठ्यक्रमका अपेक्षित उद्देश्य हासिल हुने खालका व्यवहारलाई समेटिनु पर्दछ । त्यस्तै नमुना अभ्यासमा वस्तुगत, छोटो उत्तरात्मक र निबन्धात्मक तीनै प्रकृतिका प्रश्नहरूको समेटिनु पर्नेमा उनीहरूले जोड दिएका छन् । लजार (सन् १९९३) का मतमा तह र कक्षाअनुसार विधा शिक्षणका प्रयोजनहरूमा विभिन्नता आउँछ । यस सम्बन्धमा उर (सन् १९९९) लेख्छन् - "कथा शिक्षणबाट विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सिप विकासका साथै शब्दभण्डार र सिर्जनात्मक क्षमता विकास हुन्छ ।" मङ्गल (सन् २००३) मा कथा विधालाई गद्य साहित्यको एक प्रभावकारी विधाका रूपमा चर्चा गरिएको छ । उक्त पुस्तकमा कथा विद्या शिक्षणबाट विद्यार्थीमा शब्द भण्डार क्षमताका साथै बोध र अभिव्यक्ति क्षमता विकास गराउन सकिने उल्लेख छ । उनका अनुसार यस विधाबाट विद्यार्थीमा धर्म, जातिप्रति स्थायी भाव उत्पन्न गर्न र चरित्र निर्माणमा समेत सहयोग पुऱ्याउँछ । यस आधारमा हेर्दा कथा विधाका नमुना अभ्यासमा सिप विकास र साहित्यिक आस्वादन दुबै विकास गर्ने खालका प्रश्नहरू समावेश गर्नुपर्ने देखिन्छ । अधिकारी र शर्मा (२०६४) ले कथा विधाका पाठमा सारांश लेख्ने र भन्ने, बोध प्रश्नोत्तर, सस्वर र मौन पढाइ, शब्द र उखान टुक्काको प्रयोग, घटनाक्रम मिलाउने, कथा कथन र लेखन गराउने आदि जस्ता कार्यकलापसम्बद्ध प्रश्नहरू समावेश गर्नुपर्ने कुरा सङ्केत गरेका छन् । पारडेडे (सन् २०११) मा कथा विधा भाषाका चारओटै सिप विकास र साहित्यिक उत्प्रेरणा जगाउन प्रभावकारी विधा रहेको र यसका लागि नमुना अभ्यासमा उक्त पक्षहरूलाई ख्याल गर्नुपर्ने उल्लेख गरिएको छ । ग्रेसिन (सन् २०१८) ले पाठ्यपुस्तकका अभ्यासमा विषयवस्तु, संज्ञानात्मक अपेक्षा, प्रश्नको प्रकृति, सन्दर्भयुक्त विशेषता रहनुपर्ने उल्लेख गरेका छन् । इसिङ र अन्य (सन् २०१८)को अध्ययनबाट इन्जिनियरिङका अमेरिकी पाठ्यपुस्तकमा लेखनतत्त्वयुक्त अभ्यासको कमी रहेको देखिन्छ । इसिङको अध्ययनबाट पाठ्यपुस्तकहरू लेखाइ बाहेकका सिपमा बढी केन्द्रित रहेको तथ्य उजागर हुन्छ ।

रिमाल (२०७६) ले कथा विधामा चारओटै सिप विकास गर्ने खालका पठन बोध, घटना तथा अनुभव वर्णन, सामूहिक र व्यक्तिगत कार्य, भाव व्याख्या, कथानक, पात्र, परिवेश आदिको वर्णन, कथा लेखन जस्ता विविध अभ्यासहरू समावेश गर्नुपर्ने धारणा प्रस्तुत गरेका छन् । त्यस्तै घिमिरे (२०७६) ले विद्यालय तहका पाठ्यपुस्तकमा कथा विधाका नमुना अभ्यासमा विधा प्रकृति अनुरूप घटना वर्णन, अनुमान गर्ने प्रश्नहरू रहेको उल्लेख गर्दै सिपगत सन्तुलन, सारांश लेखन, तार्किक क्षमता र सिर्जनात्मक क्षमता विकास गर्ने खालका प्रश्नहरूमा अझ जोड दिनुपर्ने उल्लेख गरेका छन् । काफ्ले (सन् २०२०) को अध्ययनबाट पनि माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकका नमुना अभ्यासमा बोलाइ सिपको विकासका लागि मौखिक छलफल, भूमिका प्रदर्शन, विषय र सन्दर्भअनुकूल संवाद आदि जस्ता अभ्यासहरू बढाउनुपर्ने देखिन्छ । माइली (सन् २०२०) को अध्ययनअनुसार जाकर्ताका भाषा पाठ्यपुस्तकका नमुना अभ्यासहरूमा नयाँ शब्द भण्डार र सहपाठी समूहकार्य गर्ने खालका प्रश्नहरू समावेश नभएकाले असल पाठ्यपुस्तक भन्न नमिल्ने निष्कर्षमा पुगिएको छ ।

विधागत दृष्टिले हेर्दा पनि माध्यमिक तहमा कथा शिक्षण गर्दा विद्यार्थीमा पठनबोध, शब्द र तिनको अर्थ पहिचान, मौखिक तथा लिखित प्रश्नोत्तर, भावबोध, निष्कर्ष पहिचान जस्ता क्षमताहरू विकास गर्ने प्रयोजनहरू रहनु अपेक्षित मानिन्छ । पाठ्यपुस्तकका नमुना अभ्यास तथा कक्षाकोठामा गराइने अभ्यासात्मक कार्यकलापबाट उक्त प्रयोजन वा उद्देश्यहरू हासिल हुन सक्छन् भन्ने दृष्टिकोणहरूबाट पनि विधा शिक्षणका प्रयोजन प्रस्ट हुन्छ ।

वर्तमान कक्षा ११ को 'नेपाली' (२०७७) पाठ्यपुस्तक विद्यालय तहको अनिवार्य नेपाली विषयको परिमार्जित पाठ्यक्रम (२०७६) मा आधारित रहेर तयार पारिएको पाठ्यपुस्तक हो । यसमा कथा, कविता, निबन्ध, जीवनी, चिठी, लघु नाटक, रिपोर्ताजमूलक रचना, संवाद, दैनिकी र वक्तृताजस्ता विधाका गरी जम्माजम्मी १२ ओटा पाठहरू समाविष्ट छन् । तीमध्ये कथा विधाका पाठहरू सामाजिक र मनोवैज्ञानिक गरी दुई क्षेत्रबाट लिइएका छन् । यस कक्षाको नेपाली भाषा पाठ्यक्रममा सुनाइ र बोलाइका छओटा, पढाइका आठओटा र लेखाइका सबैभन्दा बढी ११ ओटा सिकाइ उपलब्धिहरू निर्धारण गरिएका छन् । यस लेखमा उक्त सिकाइ उपलब्धिहरूलाई कथा विधाका शिक्षण प्रयोजनअनुरूप अनुकूलन गरेर कथा पाठका नमुना अभ्यासको अध्ययन विश्लेषण गरिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

यस अध्ययनमा गुणात्मक अध्ययन ढाँचामा आधारित रही कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको नमुना अभ्यासबाट पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन र वर्णनात्मक विधिको उपयोग गरी प्राप्त तथ्यको व्याख्या विश्लेषण गरिएको छ । उक्त पुस्तकका कथा पाठहरूका नमुना अभ्यासमा समावेश भएका भाषातत्त्व बाहेकका प्रश्नहरूलाई अध्ययनको नमुना मानिएको छ । भाषिक प्रश्नका विभिन्न प्रकार समेटिने गरी विषयवस्तु विश्लेषण तालिका निर्माण गरेपछि सर्वप्रथम पाठ्यक्रमले निर्दिष्ट गरेका भाषिक सिपगत सिकाइ उपलब्धिहरूलाई कथा विधाबाट हासिल हुन सक्ने गरी तिनलाई संक्षिप्त रूपमा उल्लेख गरियो । त्यसपछि पाठका नमुना अभ्यासमा रहेका प्रश्नहरूबाट विद्यार्थीमा भाषिक सिपगत सिकाइ उपलब्धि हासिल हुन कत्तिको सम्भव भन्ने पहिचान गरियो । साथै तिनबाट विद्यार्थीमा कथा विधागत सिकाइ उपलब्धि हासिल हुन सक्ने वा नसक्ने खोजी गरियो । त्यसपछि शब्दभण्डार, पठनबोध, बोध प्रश्नोत्तर, घटनाक्रम मिलान, भावबोध, सारांश लेखन, समीक्षा, प्रतिक्रिया, सिर्जना तथा परियोजना जस्ता उपशीर्षकहरूका आधारमा कथा विधा शिक्षण प्रयोजनहरू हासिल हुन नमुना अभ्यासका प्रश्नहरू के कति सबल छन् भन्ने पहिचान गरियो । उक्त विषयवस्तु विश्लेषण तालिकाको सहायताले पाठ्यक्रम निर्देशित भाषिक सिपगत प्रयोजन र विधागत शिक्षण प्रयोजन समेत दुबै पक्षलाई ख्याल गरी पुनरावलोकन खण्डमा उल्लेख गरिएका सैद्धान्तिक दृष्टिकोणलाई आधार मानी पाठ्यपुस्तकमा अभ्यासात्मक प्रश्नको पर्याप्तता र अपर्याप्तताको पहिचान, वर्णन विश्लेषणबाट निष्कर्षमा पुग्ने काम भयो ।

## नतिजा तथा छलफल

पाठ्यपुस्तकमा रहेका कथा विधाका 'गाउँको माया' र 'त्यो फेरि फर्केला ?' दुबै पाठहरूमा नमुना अभ्यासलाई शब्दभण्डार, बोध र अभिव्यक्ति, सुनाइ र बोलाइ, भाषातत्त्व (व्याकरण), सिर्जना/परियोजना गरी पाँच उपशीर्षमा विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा भाषातत्त्वबाहेकका अभ्यासहरूको अध्ययन विश्लेषण गरिएको छ । दुबै कथामा शब्दभण्डारका पाँच पाँचओटा, बोध र अभिव्यक्तिका दश दशओटा

प्रश्नहरू रहेका छन् भने 'गाउँको माया' पाठमा सुनाइका तीन र सिर्जना परियोजनाका चारओटा प्रश्नहरू रहेका अनि 'त्यो फेरि फर्केला ?' कथामा सुनाइका चार र सिर्जना परियोजनाका तीनओटा गरी दुवैमा जम्माजम्मी २२/२२ ओटा प्रश्नहरू र प्रायः प्रश्नहरूमा उपप्रश्नहरू रहेका छन् । नमुना अभ्यासका प्रश्नहरूलाई पाठ्यक्रम उल्लिखित भाषिक सिप विकासको दृष्टि र कथा विधाको शिक्षण प्रयोजनको दृष्टि गरी दुईओटा दृष्टिकोणबाट विश्लेषण गरिएको छ :

## पाठ्यक्रमअनुरूप सिपगत अपेक्षा

यस उपशीर्षकमा कक्षा ११ को नेपाली भाषा पाठ्यक्रमका अपेक्षित सिकाइ उपलब्धिहरूमध्ये कथा विधाबाट हासिल हुन सक्ने सिकाइ उपलब्धिहरूलाई सुनाइ र बोलाइ सिप, पढाइ सिप, लेखाइ सिप गरी निम्नानुसारका तीन वर्गमा विभाजन गरी सोअनुरूप नमुना अभ्यासका प्रश्नहरूको तादात्म्यता पहिल्याइएको छ :

सुनाइ र बोलाइ सिप : कक्षा ११ को अनिवार्य नेपाली पाठ्यक्रममा सुनाइ र बोलाइ सिपका सिकाइ उपलब्धिहरूलाई कथा विधासम्बद्ध गराउँदा शब्दोच्चारण, अनुभव वर्णन, मौखिक प्रतिक्रिया, कथावस्तु, पात्र, परिवेशबारे छलफल एवम् प्रस्तुतीकरण, गति, यति सहित सस्वर वाचन र परिस्थिति अनुकुल अभिव्यक्ति क्षमता विकास जस्ता सिकाइ उपलब्धिहरू हासिल गराउने अपेक्षा राखिएको छ ।

उक्त आधारमा नमुना अभ्यासको विश्लेषण गर्दा उच्चारणसम्बद्ध सिकाइ उपलब्धि हासिल हुने खालका प्रश्नहरू समावेश नभएकाले कथा पाठहरूबाट शुद्धोच्चारण गर्ने सिप विकास हुनसक्ने अवस्था छैन । घटना वर्णनका सम्बन्धमा भने नमुना अभ्यासमा घटनाक्रम मिलाएर कथा निर्माण गर्ने, देखेसुनेका र जीवनमा अनुभव गरेका विषयवस्तु वा घटनालाई सिलसिलाबद्ध रूपमा मिलाई कथा तयार पार्ने, रेडियो, टेलिभिजन, पत्रपत्रिका सुनेका समाचारबाट थाहा भएका समस्या, तिनका कारण र समाधानका उपायबारे छलफल गर्ने खालका अभ्यास समावेश गरिएको अनि कथाका पात्र र व्यक्त विचारप्रति प्रतिक्रिया दिन लगाउने खालका प्रश्नहरू समावेश गरिएको हुँदा सिलसिलाबद्ध वर्णन र मौखिक प्रतिक्रियाका दृष्टिले विद्यार्थीमा पर्याप्त सिप विकास हुन सक्ने अवस्था छ । त्यस्तै, पात्रबारे टिप्पणी गर्ने खालको प्रश्न समावेश गरेर टिप्पणी प्रतिक्रिया व्यक्त गर्ने सिप विकास गराउन खोजिएको छ। नमुना अभ्यासमा गति, यति सहित सस्वर वाचन गराउने खालका प्रश्नहरूको भने अभाव देखिन्छ । यसरी हेर्दा कथा पाठका नमुना अभ्यास सस्वर वाचन र भावानुकूल वाचन क्षमता विकास गर्ने दृष्टिले कमजोर देखिन्छ । समग्रमा नमुना अभ्यासमा मौखिक छलफल तथा प्रश्नोत्तर अनि मौखिक प्रस्तुतिसम्बद्ध प्रश्नहरूको कमी पाइन्छ यद्यपि सुनाइ र बोलाइलाई छुट्टै 'सुनाइ पाठ' शीर्षक दिएर राखिएकाले कक्षा शिक्षण गर्दा लिखित प्रश्नोत्तर नगराई सुनाइबोलाइकै कार्यकलाप गराएर प्रश्नोत्तर गराउँदा दुबै सिप विकास हुने अपेक्षा गर्न भने सकिन्छ। सुनाइ र बोलाइ सिप विकासका लागि यस्ता अभ्यास समावेश गर्नु यस पुस्तकको नवीन पक्ष मान्न सकिन्छ ।

पढाइ सिप : यस सिपसम्बद्ध पाठ्यक्रम निर्दिष्ट सिकाइ उपलब्धिहरूलाई कथा विधासम्बद्ध गर्दा लिखित सामग्रीको सस्वर वाचन तथा मौन पठन गर्न, लिखित पाठहरू पढी सन्दर्भको अनुमान, घटना, चरित्र, परिवेश आदि बोध गर्न, साहित्यिक तथा प्रयोजनपरक पाठहरू पढी पारिभाषिक/ प्राविधिक शब्दलाई वाक्यमा प्रयोग गर्न, शब्दहरूको हिज्जे र अर्थबोधका लागि शब्दकोशको प्रयोग गर्न, विशिष्ट अंशको

व्याख्या एवम् समीक्षा गर्न सक्ने गरी पढ्ने र पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रतिक्रिया व्यक्त गर्न सक्ने गरी पढ्नेजस्ता कार्यमा सक्षम बनाउने खालका सिकाइ उपलब्धि हासिल गराउन खोजिएको देखिन्छ।

कथा पाठका नमुना अभ्यासमा लिखित सामग्रीको शुद्धोचारण, गति, यति सहित सस्वर वाचन, द्रूतपठन, मौनपठन जस्ता अभ्यास नरहँदा विद्यार्थीमा त्यस्ता सिप विकास हुने अवसर प्राप्त हुने देखिँदैन । लिखित सामग्री पढी सन्दर्भको अनुमान अनि घटना, चरित्र, परिवेश आदि बोध गर्न सक्षम बनाउने खालका प्रश्नहरू पर्याप्त मात्रामा समावेश भएका छन् । तिनीहरू विषयवस्तुको बोध गर्ने, समस्याका कारण पहिल्याउने, भिन्नता पहिचान गर्ने, तात्पर्य खुलाउने, आफ्नो धारणा दिने, पाठ्यसामग्री पढी प्रश्न निर्माण गर्ने जस्ता कार्यकलापमा केन्द्रित देखिन्छन् । यस दृष्टिले कथा पाठका नमुना अभ्यास सबल रहेको देखिन्छ । कथा पाठहरूमा प्राविधिक शब्दहरू दिएर वाक्यमा प्रयोग गराउने खालका प्रश्नहरू समावेश नगरिए पनि पाठका नवीन र शिक्षणीय शब्दहरू दिएर तिनको पर्यायवाची, विपरीतार्थी शब्दहरूको पहिचान गर्न लगाउने, शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने खालका अभ्यासहरू समावेश गरिएका छन्। त्यस्तै टुक्काहरू खोजी शब्दकोश हेरेर तिनको अर्थ पहिचान गर्न लगाउने खालका प्रश्नले पनि शब्दहरूको अर्थबोध गर्न सहयोग पुग्ने देखिन्छ। पाठ पढेर संक्षिप्त उत्तर दिने प्रश्न, व्याख्या गर्ने प्रश्न, समीक्षात्मक उत्तर दिने जस्ता प्रश्नले पनि पढाइ क्षमता विकासमा सहयोग पुग्ने देखिन्छ ।

लेखाइ सिप : प्रस्तुत पाठ्यक्रममा लेखाइ सिपसम्बद्ध सिकाइ उपलब्धिहरूलाई कथा विधाका सन्दर्भमा मौखिक एवम् लिखित अभिव्यक्तिको बुँदाटिपोट र सारांश लेखन गर्न, कथानक शृङ्खला, घटना, चरित्र, परिवेश, भाव आदि बोध गरी लिखित रूपमा वर्णन गर्न, अर्थपूर्ण अनुच्छेदहरू रचना गर्नअनि विशिष्ट पङ्क्तिको व्याख्या गर्न सक्षम बनाउने अपेक्षा राखिएको छ ।

यस पाठ्यपुस्तकका कथा पाठमा सारांश लेखनसम्बद्ध एउटा मात्र प्रश्न रहेको छ। तिनमा बुँदा टिपोटसम्बन्धी प्रश्नको अभाव देखिन्छ। कथा पाठमा यस्ता प्रश्नहरू पर्याप्त हुनुपर्नेमा सो हुन नसक्दा पाठ्यक्रमको अपेक्षा पूरा हुन सक्ने देखिँदैन । विषयवस्तुको सिलसिलाबद्ध लिखित वर्णन गर्ने, कथाका आदि, मध्य र अन्त्यका घटनाहरू मिलाएर लेख्ने, दिइएका बुँदाहरूलाई क्रमबद्ध पार्ने, बुँदाहरूका आधारमा कथा तयार पार्ने जस्त प्रश्नहरू समावेश गरिएका हुनाले कथामा कथानक वर्णनसम्बद्ध लिखित सिप विकास हुने देखिन्छ। नमुना अभ्यासमा अनुच्छेद रचना गर्ने खालका अभ्यासहरू समावेश भएका छैनन्, तथापि निर्देशित र स्वतन्त्र कथा लेख्ने खालका अभ्यासहरू रहेका पाइन्छन् । पाठमा विशिष्ट अंशको व्याख्या गर्ने सिकाइ उपलब्धि हासिल हुने खालका प्रश्नहरूको पर्याप्तता देखिन्छ । समग्रमा कथा विधाका पाठहरूमा सुनाइ, बोलाइ सिपका तुलनामा क्रमशः पढाइ र लेखाइ सिप विकास गर्ने खालका प्रश्नहरूको अधिक प्रयोग भएको छ। कथा विधाका नमुना अभ्यासबाट पाठ्यक्रमले अपेक्षा गरेका सुनाइ र बोलाइ सिपको पर्याप्त अभ्यास हुन नसकेकाले उक्त पक्षमा ध्यान पुऱ्याउनुपर्ने महसुस हुन्छ ।

## विधा प्रयोजनगत अपेक्षा

पाठ्यपुस्तकमा साहित्यिक विधाहरू समावेश गर्नुका साहित्यिक आस्वादन र भाषिक सिप विकास गरी मुख्य दुई प्रयोजनहरू रहन्छन् । सामान्यतया तल्ला कक्षाहरूमा सिपगत प्रयोजन बढी र क्रमशः माथिल्ला कक्षाहरूमा आस्वादनीय प्रयोजनहरू बढी सक्रिय रहन्छन् । आस्वादनीय प्रयोजनहरूमा साहित्यिक कृतिको

आशय बोध, व्यवहारमा सकारात्मक परिवर्तन, सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता, देशप्रेम आदिको भावना विकास गराउनु रहन्छन् । भाषिक सिपगत प्रयोजनहरूमा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता ग्रहण र अभिव्यक्ति सिपहरूको विकास गराउनु रहन्छन् । खास गरी विद्यालय तहमा कथा विधा शिक्षण गर्नुका विधागत प्रयोजनहरू शब्दभण्डार क्षमता, सस्वर तथा मौन पठन क्षमता, मौखिक तथा लिखित प्रश्नोत्तर क्षमता, सिलसिलाबद्ध प्रस्तुति क्षमता, कथाकथन र लेखन क्षमता, कथा समीक्षा र विशिष्ट पङ्क्तिको व्याख्या तथा कथा सिर्जना क्षमता आदिको विकास गर्नु रहन्छन् । यहाँ उक्त प्रयोजन हासिल हुन सक्ने वा नसक्ने दृष्टिले नमुना अभ्यासको विश्लेषण गरिएको छ :

शब्दभण्डार : कथा पाठका नमुना अभ्यासमा शब्दभण्डारसम्बन्धी अभ्यासहरूमा पर्याप्त विविधता रहेको छ । तिनमा शब्दार्थ पहिचान गरी जोडा मिलाउने, सही विकल्प छनोट गर्ने, विपरीत अर्थ आउने शब्द पाठमा खोज्ने, अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने, दिइएका टुक्काहरू खोज्ने, तिनको प्रयोग गरेर अनुच्छेद रचना गर्ने, टुक्काहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने, निर्देशनअनुसार शब्द स्रोत र बनोट पहिचान गर्ने, शब्दकोशको सहायताले शब्दको अर्थ लेख्ने अनि वाक्यमा प्रयोग गर्ने खालका प्रश्नहरू रहेका छन् ।शब्दहरूको अर्थ दिएर उक्त अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुपर्ने प्रश्नहरू रहेका छन् । यस्ता प्रश्नहरूबाट विद्यार्थीको शब्दभण्डार क्षमता विकास हुनुका साथै उनीहरूमा शब्दहरूको अर्थ बुझ्ने क्षमता समेत विकास हुने देखिन्छ । शिक्षणीय र नवीन शब्दहरू दिई तिनलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने खालका प्रश्नहरू समावेश हुँदा विद्यार्थीको उत्पादनात्मक शब्द भण्डार क्षमता विकासका साथै शब्दार्थ बोध र सन्दर्भपूर्ण प्रयोग गर्ने क्षमता विकासको पर्याप्त सम्भावना देखिन्छ ।

कथा पाठका अभ्यासहरूमा पाठमा प्रयोग भएका र थप टुक्काहरू समेत दिई तिनको प्रयोग गरेर अनुच्छेद तयार पार्न लगाउने खालका प्रश्नहरू छन् । यस्ता प्रश्नहरू विद्यार्थीको शब्दभण्डारका साथै अभिव्यक्ति क्षमता विकासका लागि पनि प्रभावकारी रहन्छन् । यस्ता अभ्यासहरूबाट विद्यार्थीको मौलिक र सिर्जनात्मक क्षमता समेत विकास हुने देखिन्छ । पाठमा प्रयोग भएका बाहेकका टुक्काहरू खोजेर कक्षामा प्रस्तुत गर्ने खालको अभ्यास समावेश भएकाले विद्यार्थीहरूमा सोधखोज गरेर सिक्ने साथै उखान टुक्काहरू सङ्कलन गर्ने बानीको समेत विकास हुन सक्ने देखिन्छ ।कथा पाठका नमुना अभ्यासहरूमा कथांश पढी शब्दहरूको बनोट, स्रोत आदि पहिचान गर्ने खालका प्रश्नहरू पनि समावेश गरिएका छन् । तिनले भाषातत्त्वसम्बन्धी सुझका साथै शब्दभण्डार क्षमता विकास गर्न पनि पर्याप्त सहयोग पुग्ने देखिन्छ । यसरी शब्दभण्डार क्षमता विकासका दृष्टिले कथा पाठको नमुना अभ्यास सबल देखिन्छ ।

बोध प्रश्नोत्तर : कथाका पाठहरूमा अनुच्छेद दिएर गराइने बोध प्रश्नोत्तरका साथै छोटो उत्तरात्मक प्रश्नहरू समेत रहेका छन् । कथाको अनुच्छेद सङ्ख्या पहिचान गर्ने, अनुच्छेदको वाक्य सङ्ख्या पहिचान गर्ने, अनुच्छेदको मुख्य घटना पहिचान गर्ने, कार्यकारण सम्बन्ध पहिचान गर्ने, संवाद प्रयोग भएका अनुच्छेद पहिचान गर्ने, कथाका आदि, मध्य र अन्त्यका घटनाहरू टिपोट गर्ने जस्ता संरचना र पाठ्य विषयवस्तुको धारणा विकाससम्बन्धी बोध प्रश्नहरू निर्माण गरिएका छन् । त्यस्ता प्रश्नहरू प्रत्यक्ष रूपमाकथा शिक्षणको प्रयोजन वा उद्देश्य हासिल हुने खालका देखिन्छन् ।

घटनाक्रम मिलाउने : कथा पाठहरूमा घटनाहरूलाई क्रमबद्ध रूपमा मिलाएर लेख्न लगाउने, घटनाहरू दिएर कथा निर्माण गर्न लगाउने जस्ता अभ्यासहरू पनि समावेश गरिएका छन् । जुन प्रत्यक्ष रूपमा कथा विधाको विशिष्ट शिक्षण प्रयोजनसँग सम्बन्धित हुन्छन् । यस्तो अभ्यासबाट विद्यार्थीमा देखेसुने र जानेको विषयवस्तुलाई सिलसिला मिलाई क्रमबद्ध रूपमा अभिव्यक्त गर्ने सिप विकास हुने देखिन्छ ।

पठनबोध (दृष्टांश र अदृष्टांश) : कथाका नमुना अभ्यासमा दृष्टांश अनुच्छेद दिई कारण पहिचान गर्ने, मनोभाव बुझाउने, मनोदशाको चित्रण गर्ने, आशय पहिचान गर्ने, घटना बताउने, आफ्ना धारणा राख्ने, अनुमान गर्ने जस्ता प्रश्नहरू सोधेर विद्यार्थीलाई बोध प्रश्नोत्तर गराउन खोजिएको छ । बोध प्रश्नहरू पनि अति संक्षिप्त र संक्षिप्त गरी दुई खालका छन् । यस्ता प्रश्नबाट विद्यार्थीमा पठनबोध क्षमता विकास हुने पर्याप्त अवसर प्राप्त हुने देखिन्छ । कथाका सबै पाठमा दृष्टांश बोधका तीन तीनओटा अभ्यासहरू समेटिएकाले विद्यार्थीमा बोधसम्बन्धी पर्याप्त अवसर प्राप्त हुने देखिन्छ ।

कथा विधाका नमुना अभ्यासमा पठनबोध क्षमता विकासका लागि भिन्न भिन्न विषय क्षेत्रका अदृष्टांश अनुच्छेदहरूबाट पठनबोध अभ्यास गराउन खोजिएको छ । तिनमा कारण पहिल्याउने, भिन्नता पहिचान गर्ने, तात्पर्य खुलाउने, आफ्नो धारणा दिने, पाठ्यसामग्री पढी प्रश्न निर्माण गर्न लगाउने खालका प्रश्नहरू रहेका छन् । कथा विधाको विधागत प्रयोजनअनुरूप बोध क्षमता विकासका लागि प्रश्नहरू पर्याप्त र प्रभावकारी रहेको देखिन्छ ।

भाव व्याख्या : कथाका नमुना अभ्यासमा पाठभित्रबाट खास खास अंश दिई तिनको व्याख्या गर्न लगाउने खालका प्रश्नहरू रहेका छन् । यस्ता प्रश्नले विद्यार्थीमा भावबोध अनि तिनको व्याख्या विश्लेषण, समीक्षा आदि जस्ता उच्च भाषिक दक्षता हासिल हुन सक्ने देखिन्छ । यसबाट विद्यार्थीमा पढेका सामग्रीका बारेमा आफ्ना दृष्टिकोणहरू प्रस्तुत गर्ने सिपको समेत विकास हुने अपेक्षा गर्न सकिन्छ ।

समीक्षात्मक उत्तर : विद्यार्थीले पढेका विषयवस्तुहरूको समीक्षा गर्ने, असर र परिणाम बताउने, पात्रको चरित्र चित्रण गर्ने, पात्रका मनोविज्ञान उल्लेख गर्ने, परिवेश चित्रण गर्ने, शीर्षक सार्थकता देखाउने, आफ्ना तर्क तथा विचारहरू प्रस्तुत गर्ने, समर्थन वा विरोध गर्ने क्षमता विकास हुने खालका प्रश्नहरू नमुना अभ्यासमा समावेश गरिएका छन् । यस आधारमा हेर्दा कथा विधाका अभ्यासहरू विद्यार्थीमा उच्च दक्षतामूलक सिप विकास गर्न पनि सहयोगी रहेको देख्न सकिन्छ ।

प्रतिक्रियात्मक उत्तर : कथा पाठहरूमा कथाको विषयवस्तु, पात्र, पात्रको मनोविज्ञान, कथाको परिवेश, शीर्षक सार्थकता आदि कथातत्त्वसँग सम्बन्धित रहेर पाठक प्रतिक्रिया दिने खालका प्रश्नहरू समेटिएका छन् । यस्ता प्रश्नहरू विधा शिक्षणका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । त्यस्तै प्रतिक्रिया दिने खालका प्रश्नहरूबाट विद्यार्थीमा विषयवस्तु बुझेर धारणा बनाउने र सोबारे मौलिक दृष्टिकोण प्रस्तुत गर्ने क्षमता विकास गर्न सकिन्छ ।

सारांश लेखन : कथा विधाका पाठमा सारांश लेखनसम्बन्धी एउटा प्रश्न समावेश गरिएको छ । यस्तो प्रश्नबाट विद्यार्थीमा विषयवस्तुको संश्लेषण गरी सार खिच्न सक्ने क्षमता विकास हुन सक्छ । तथापि

कथा पाठका नमुना अभ्यासमा बुँदा टिपोटसम्बन्धी अभ्यास समावेश नहुनु अनि सारांश लेखनसम्बन्धी अभ्यासको पर्याप्तता नहुनु कथा शिक्षणको विधा प्रयोजनका दृष्टिले उपयुक्त मान्न सकिँदैन ।

सिर्जना/परियोजनामूलक अभ्यास : कथा विधाका नमुना अभ्यासको अन्त्यमा बुँदा दिई तिनलाई मिलाएर कथा तयार पार्न लगाउने, जीवनमा घटेका कुनै घटनालाई सिलसिलेवर रूपमा कथात्मक ढाँचा मिलाई लेख्ने, जीवनका अनुभवहरू समेटेर कथा तयार पार्ने, युवाहरूलाई स्वरोजगारप्रति उत्प्रेरित गर्ने, दिइएको विषयवस्तुलाई कथात्मक ढाँचामा लेख्ने, पुस्तकालयबाट मनोवैज्ञानिक कथा पहिचान गरेर पात्रको मनोदशा वर्णन गर्ने, खालका अभ्यासहरू समावेश गरिएका छन् । यस्ता अभ्यासहरूबाट विद्यार्थीमा मौलिक तथा सिर्जनात्मक क्षमता विकास हुने देखिन्छ । यस दृष्टिले विश्लेष्य पाठ्यपुस्तकका कथा पाठको नमुना अभ्यास सबल देखिन्छ ।

सुनाइ र बोलाइ अभ्यास : प्रस्तुत पाठ्यपुस्तकमा सुनाइ र बोलाइसम्बन्धी अभ्यासलाई अलगै रूपमा 'सुनाइ पाठ' शीर्षक दिएर राखिएको छ । यसमा सुनेर बुझेका आधारमा मौखिक उत्तर दिने खालका प्रश्नहरू समावेश गरिएका छन् । यद्यपि कतै कतै लिखित उत्तर समेत दिनुपर्ने खालका प्रश्नहरू समावेश गरिएका छन् । तिनको सट्टा सुनाइ अभ्यासलाई सुनाइ र बोलाइ सिपमै केन्द्रित गर्नु उपयुक्त देखिन्छ । नमुना अभ्यासमा पुस्तककै सामग्री पढेर उत्तर दिनुपर्ने खालका प्रश्नका साथै पत्रपत्रिका, रेडियो, टेलिभिजन आदिमा प्रसारित समाचार पढेर वा सुनेर प्रतिक्रिया दिनुपर्ने खालका प्रश्नहरू समावेश गरिएका छन् । त्यस्तै पाठ सुनेर उपयुक्त विकल्प पहिचान गर्ने, शब्द र अर्थका बिच जोडा मिलाउने, बोध प्रश्नहरूको उत्तर दिने, विषयवस्तुमाथि छलफल गराउने आदि प्रश्नहरू समावेश गरिएका छन् । यस्ता अभ्यासहरूबाट विद्यार्थीमा सुनेका आधारमा प्रतिक्रिया दिने, सहमति असहमति प्रकट गर्ने जस्ता भाषिक सिपका व्यावहारिक पक्षको समेत विकास हुने देखिन्छ ।

## निष्कर्ष

कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तकका कथा पाठका नमुना अभ्यासमा भाषिक सिप विकासमा केन्द्रित देखिन्छन् । तीमध्ये सबैभन्दा बढी लेखाइ सिप त्यसपछि क्रमशः पढाइ, बोलाइ र सुनाइमा जोड दिनु विद्यालयको माथिल्ला कक्षामा गरिने विधा शिक्षणका दृष्टिले उपयुक्त देखिन्छ । दुबै पाठमा २२/२२ ओटा प्रश्नहरू र प्रायः प्रश्नहरूमा पर्याप्त उपप्रश्नहरू रहनु अभ्यासगत विविधताका दृष्टिले उपयुक्त मान्न सकिन्छ ।कथा पाठमा पाठ्यक्रमले अपेक्षा गरेअनुरूप चारओटै सिप विकास हुने खालका प्रश्नहरू रहेकाले सिप विकासका दृष्टिले नमुना अभ्यास सबल रहेको देखिन्छ । कथा विधा शिक्षण प्रयोजनका आधारमा विश्लेषण गर्दा पाठका अभ्यासहरू शब्दभण्डार र पठनबोध क्षमता विकासका दृष्टिले उत्तम, प्रश्नोत्तर, घटनाक्रम, समीक्षा, प्रतिक्रिया लेखन, सिर्जना र परियोजना कार्यसम्बद्ध सिकाइ क्षमता विकासका दृष्टिले मध्यम अनि बुँदाटिपोट र सारांश लेखन क्षमता विकासका दृष्टिलेकमजोर रहेको देखिन्छ । नमुना अभ्यासमासुनाइ र बोलाइलाई छुट्टै 'सुनाइ पाठ' शीर्षक दिएर राख्नु यस पुस्तकको सकारात्मक पक्ष भए पनि तिनका प्रश्नहरू उक्त सिपमा मात्र केन्द्रित गर्न नसक्नु यसको कमजोर पक्ष मान्न सकिन्छ ।

यस पुस्तकका नमुना अभ्यासमा सुनाइ र बोलाइलाई अलगै शीर्षक दिएर राखिएको भए पनि तिनमा रहेका लेखाइ सिपका प्रश्नहरू हटाई उक्त अभ्यासलाई सुनाइ र बोलाइमा मात्र केन्द्रित गराउनु उपयुक्त हुने

देखिन्छ । त्यस्तै पहिलेका तुलनामा वर्तमान पाठ्यपुस्तकमा सिर्जनात्मक र परियोजनामूलक अभ्यासहरू बढाउँदै लगिएको भए पनि सारांश र बुँदा टिपोटसम्बन्धी प्रश्नहरूमा विविधता र पर्याप्तता ल्याउनु आवश्यक महसुस हुन्छ ।

**सन्दर्भ सामग्रीहरू**


अधिकारी, हेमाङ्ग राज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज र केदार प्रसाद शर्मा (२०६४), *प्रारम्भिक नेपाली शिक्षण,* (चौ.स.) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, उमेश (सन् २०२०), कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा बोलाइ सिपको अभ्यास, *इन्टरडिसिप्लिनरी जर्नल अफ एजुकेसन,* आयाम ५(१-२), पृपृ. १४५-१५८, https://doi.org/10.3126/ire.V5i 1&2. 34745।

घिमिरे, दिनेश (२०७६), *ऐतिहासिक र वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषा पाठ्यपुस्तक,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

घिमिरे, दिनेश (२०७७), *भाषिक विधा शिक्षण : प्रयोजन र प्रक्रिया,* कीर्तिपुर : इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *माध्यमिक शिक्षा पाठ्यक्रम,* कक्षा ११-१२, सानेठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *नेपाली, कक्षा ११-१२,* सानेठिमी, भक्तपुर ।

पौडेल, माधव प्रसाद (२०७०), *भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मङ्गल, उमा (सन् २००३), *हिन्दी शिक्षण,* नयाँ दिल्ली : आर्य बुक डिपो ।

रिमाल, डिल्लीराम (२०७६), *भाषा सिकाइमा कथा विधा समावेश गरिनुको शैक्षणिक प्रयोजन,* शिक्षा पत्रिका, पाठ्यक्रम विकास केन्द्र, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सानोठिमी, पृपृ. १५६-१६९ ।

लम्साल, रामचन्द्र (२०७७), *भाषिक विधा शिक्षण,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सिविन/CWIN-Nepal. (2004). *A report on content analysis of curriculum and textbooks (Grade 1-12) from rights based and child centered perspective.* Bhaktapur: Curriculum Development Centre.

इसिङ/Essig, R. R.; Asce, A.M.; Troy, C. D.; Asce, A.M.; Jesiek, B. K.; Buswell, N. T.; & Boyd, J. E. (2018). *Assessment and characterization of writing exercises in core engineering textbooks.* American Society of Civil Engineers. DOI: 10.1061/(ASCE)EI.1943-5541.0000378.

ग्रेसिन/Gracin, D. G. (2018). Requirements in mathematics textbooks: a five-dimensional analysis of textbook exercises and examples. *International Journal of Mathematical Education in Science and Technology,* Taylor & Francis. DOI: 10.1080/0020739X.2018.1431849

लजार/Lazar, Gillian (1993). *Literature and language Teaching: A guide for teachers and trainers,* Cambridge University press.

माइली/Maili, S. N. (2020). Analysis of the content of exercise seventh grade english textbook. *Journal Bhasha dan Sastra Inggris.* Universitas Putera Batam. vol. 7 (2). pp. 387-394.

पारडेडे / Pardede, P. (2011). Using short stories to teach Language skill. *Journal of English Teaching.* Vol. 1. No. 1. pp. 1-14.

रस्तोगी / Rastogi, K. G., Sharma, G. D., Anand, V. S., Sharma, I. S., Singh, N., & Seth, I. (1970). *Preparation and evaluation of textbooks in mother tongue: Principles and procedures,* New Delhi: National Council of Educational Research & Training (NCERT).

उर / Ur, P. (1999). *A course in language teaching: Trainee book*. Cambridge University Press.